# बगनासकाली राजपत्र

बगनासकाली गाउँपालिका, पाल्पाद्वारा प्रकाशित

वर्ष–७, संख्या ६, मिति २०८०/०९/२९

## भाग १

## बगनासकाली गाउँपालिकाको

# स्थानीय स्वास्थ्य सेवा ऐन–२०८०

–स्वीकृत मिति : २०८०/०९/२३

**प्रस्तावना :**

स्वस्थ जीवनयापन गर्न पाउने नागरिकको नैसर्गिक अधिकारलाई आत्मसाथ गर्दै, व्यक्तिको शारीरिक, मानसिक तथा सामाजिक विकासको लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरण र गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै, स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बन्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत साधनको समुचित सदुपयोग गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई स्थानीय तहमा व्यवस्थित जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ बमोजिम सोहि संविधानको अनुसूची ८ र अनुसूची ९ मा उल्लेखित स्थानीय तहको स्वास्थ्य सम्बन्धि अधिकारलाई कार्यन्वयन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम बगनासकाली गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**गाउँसभाबाट स्वीकृत : २०८०।०९।२३**

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम बगनासकाली गाउँपालिकाको "**स्थानीय जनस्वास्थ्य सेवा ऐन, २०८०**" रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात् लागू हुनेछ ।

**२ परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"ऐन"** भन्नाले स्वास्थ्य सम्बन्धी ऐनलाई सम्झनुपर्छ ।

(ख) **"गाउँपालिका"** भन्नाले बगनासकाली गाउँपालिका सम्झनुपर्छ ।

(ग) **"कार्यपालिका"** भन्नाले बगनासकाली गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(घ) **“शाखा”** भन्नाले कार्यपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्छ ।

(ङ) **“गाउँपालिका क्षेत्र”** भन्नाले बगनासकाली गाउँपालिकाको भू-भाग सम्झनुपर्छ ।

(च) **“स्वास्थ्य संस्था”** भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका इजाजतपत्र लिएका सरकारी, गैह्रसरकारी, निजी, सामुदायिक र सहकारी रूपमा संचालित दफा ६ र दफा ८ बमोजिमका स्वास्थ्य संस्थालाई जनाउँछ ।

(छ) **“सरकारी स्वास्थ्य संस्था”** भन्नाले बगनासकाली गाउँपालिका क्षेत्रभित्र सरकारले संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(ज) **“गैह्र सरकारी वा निजी स्वास्थ्य संस्था”** भन्नाले बगनासकाली गाउँपालिकाको क्षेत्रभित्र प्रचलित कानून बमोजिम सरकारको स्वीकृति र संचालन अनुमति लिई गैह्र सरकारी तथा निजी लगानी वा स्वामित्वमा संचालन गरेका स्वास्थ्य संस्था सम्झनुपर्छ ।

(झ) **“सेवा प्रदायक”** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य सेवाका विषयमा निश्चित योग्यता वा तालिम हासिल गरी सम्बन्धित परिषदबाट अनुमति प्राप्त स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मी र सामुदायिक स्वास्थ्य कार्यकर्ता सम्झनुपर्छ र सो शब्दले स्वास्थ्य सेवा प्रदान गर्ने अनुमति प्राप्त स्वास्थ्य संस्थालाई समेत जनाउनेछ ।

(ञ) **“सेवाग्राही”** भन्नाले स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा लिने व्यक्ति सम्झनुपर्छ ।

(ट) **“निर्देशिका”** भन्नाले यस ऐनको कार्यान्वयन गर्न कार्यपालिकाले जारी गर्ने निर्देशिका सम्झनुपर्छ ।

(ठ) **“जंक फूड”** भन्नाले फ्याट, चिनी वा नुनको अत्यधिक मात्रा भएको प्रशोधित खाद्य सामग्री बुझिनेछ ।

(ड) **“चिकित्सक तथा स्वास्थ्यकर्मी”** भन्नाले प्रचलित कानुन बमोजिम स्वास्थ्य सेवा प्रदान गर्न सम्बन्धित परिषदबाट अनुमति प्राप्त व्यक्ति सम्झनुपर्छ ।

(ढ) **“अनुगमन समिति”** भन्नाले दफा ११ बमोजिम गठित अनुगमन समितिलाई जनाउनेछ ।

(ण) **"प्रमुख"** भन्नाले बगनासकाली गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(त) **"स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर"** भन्नाले सम्बन्धित गतिविधिको प्रत्यक्ष नतिजा स्वरूप पीडित पक्षलाई शारीरिक वा मानसिक रोग लागेको चोटपटक लागेको, अंगभंग भएको वा मृत्यु भएको भनेर बुझ्नुपर्छ ।

(थ) **"तोकिए बमोजिम"** भन्नाले यस ऐन बमोजिमको नियमावलीमा तोकिएको प्रावधान सम्झनुपर्छ।

(द) "**आधारभूत स्वास्थ्य**" सेवा भन्नाले आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट शुलभरूपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक प्रतिकारात्मक निदानात्मक, उपरारात्मक र पुनस्थापनात्मक सेवा सम्झनुपर्छ ।

(ध) **"आकस्मिक उपचार सेवा"** भन्नाले बिरामीको जीवन खतरामा परेको वा कुनै अंग अशक्त हुने अवस्थामा तत्कालै उपचार सेवा प्रदान गरी मृत्यु वा अशक्त हुनबाट जोगाउने उपचारात्मक सेवाहरू पर्दछन् ।

(न) **"जनस्वास्थ्य निरीक्षक"** भन्नाले स्वास्थ्य सेवामा जनस्वास्थ्य निरिक्षक पदस्थापन तथा पदनाम पाएका कर्मचारीहरुलाई सम्झनुपर्छ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा र सेवा प्रदायक

### ३. आधारभूत स्वास्थ्य सेवा :

(१) कुनै पनि नागरिकलाई स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा सहज र सर्वसुलभ पहुँच हुनेछ ।

(२) प्रत्येक नागरिकलाई नेपाल सरकारले तोकेका देहाय बमोजिमका शीर्षकका आधारभूत स्वास्थ्य सेवाहरू निःशुल्क प्राप्त गर्ने हक हुनेछ ।

(क) खोप सेवा ।

(ख) एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा, पोषण सेवा, गर्भवती, प्रसव तथा सुत्केरी सेवा परिवार नियोजन, गर्भपतन तथा प्रजनन शिशु तथा बाल स्वास्थ्य सेवा ।

(ग) सरूवा रोग सम्बन्धी सेवा ।

(घ) नसर्ने रोग तथा शारीरिक विकलङ्गता सम्बन्धी सेवा ।

(ङ) मानसिक रोग सम्बन्धी सेवा ।

(घ) जेष्ठ नागरिक स्वास्थ्य सम्बन्धी सेवा ।

(छ) सामान्य आकस्मिक सेवा ।

(ज) स्वास्थ्य प्रवर्द्धन सेवा ।

(झ) आयुर्वेद तथा अन्य मान्यता प्राप्त वैकल्पिक स्वास्थ्य सेवा ।

(ञ) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना जारी गरी तोकेका अन्य सेवा ।

(३) नेपाल सरकारले निर्धारण गरेको आधारभूत स्वास्थ्य सेवा सम्बन्धी मापदण्ड, सेवाहरूको विस्तृत विवरण, सेवा प्रवाह सम्बन्धी अन्य व्यवस्था र प्रकृया बमोजिम कार्यपालिकाले उपदफा (२) बमोजिमका आधारभूत स्वास्थ्य सेवाको व्यवस्थापन गर्नेछ ।

(४) नेपाल सरकारले निर्धारण गरेका उपदफा (२) बमोजिमका सेवामा स्थानीय आवश्यकता र उपलब्ध स्रोतसाधनका आधारमा आवश्यकता अनुसार कार्यपालिकाले निर्णय गरि आधारभूत स्वास्थ्य सेवाको सूची थप गर्न सक्नेछ ।

(५) उपदफा (२) मा उल्लेख गरिएका सेवाका अतिरिक्त तोकिएको वर्ग समूह, लिङ्ग वा क्षेत्रका नागरिकलाई तोकिए बमोजिमका अन्य स्वास्थ्य सेवा समेत कार्यपालिकाले निःशुल्क उपलब्ध गराउन सक्नेछ ।

(६) आधारभूत स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. आधारभूत स्वास्थ्य सेवा प्रदायक :**

(१) गाउँपायलिले देहाय बमोजिमका सरकारी स्वास्थ्य संस्था तथा समुदायमा आधारित स्वास्थ्य कार्यक्रमबाट आधारभूत तथा अन्य स्वास्थ्य सेवा सुनिश्चित गर्न सक्नेछ ।

(क) गाँउघर क्लिनिक/खोप किल्निक ।

(ख) सामुदायिक स्वास्थ्य ईकाई ।

(ग) स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्र ।

(घ) आयुर्वेदिक औषधालय ।

(ङ) आधारभुत अस्पताल ।

(च) रक्तसंचार केन्द्र ।

(छ) गाउँ फार्मेसी/सामुदायिक फार्मेसी/अस्पताल फार्मेसी ।

(२) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नको लागि आवश्यकता अनुसार गाउँपालिकाले निजी गैरसरकारी, सहकारी र सामुदायिक स्वास्थ्य संस्थासँग सहकार्य वा साझेदारी गर्न सक्नेछ ।

(३) गाउँपालिका भित्र सरकारले संचालन गरेका वा आधारभूत स्वास्थ्य सेवा दिन भनि सम्झौता गरिएका स्वास्थ्य संस्थामा कुनै पनि नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवामा बन्देज गरिने छैन ।

## ५.गाउँपालिका स्वास्थ्य शाखा :

(१) आधारभूत स्वास्थ्य सेवा तथा यस ऐन बमोजिम स्वास्थ्य सम्बन्धी गाउँपालिकाको अन्य गतिविधि संचालन गर्नको लागि बगनासकाली गाउँकार्यपालिका मातहत एक स्वास्थ्य शाखा हुनेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य सेवा प्रवाह व्यवस्थित गर्न शाखा अन्तर्गत आवश्यकता अनुसार उपशाखा र इकाईहरू बनाउन सक्नेछ ।

## परिच्छेद ३

## स्वास्थ्य संस्था स्थापना तथा संचालन

**६. स्वास्थ्य संस्था स्थापना र संचालन :**

(१) बगनासकाली गाउँपालिका क्षेत्रभित्र आधारभूत स्वास्थ्य सेवा तथा अन्य स्वास्थ्य सेवा प्रदान गर्नको लागि कार्यपालिकाले देहायका स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न सक्नेछ

(क) आधारभुत अस्पताल ।

(ख) प्राथमिक स्वास्थ्य केन्द्र ।

(ग) स्वास्थ्य चौकी ।

(घ) सामुदायिक स्वास्थ्य इकाई ।

(ङ) आयुर्वेद औषधालय ।

(च) रक्तसंचार केन्द्र ।

(छ) सार्वजनिक फार्मेसी वा अस्पताल फार्मेसी ।

(ज) सामुदायिक स्वास्थ्य क्लिनिक ।

(झ) नागरिक आरोग्य स्वास्थ्य केन्द्र ।

(ञ) गाउँघर किल्निक ।

(ञ) तोकिए बमोजिमका अन्य स्वास्थ्य संस्था ।

(२) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाको तहगत संरचना र सेवा तथा पूर्वाधारको न्यूनतम मानदण्ड संघीय सरकारले तोकेबमोजिम हुनेछ ।

(३) गाउँपालिकामा स्वास्थ्य सेवा संचालनको लागि आवश्यकता अनुसार प्रत्येक वडामा कम्तिमा एक स्वास्थ्य चौकी,स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका क्षेत्रमा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य ईकाई तथा गाउँघर क्लिनिक रहने गरी कार्यपालिकाले स्वास्थ्य संस्थाहरू स्थापना तथा संचालन गर्न सक्नेछ ।

(४) गाउँपालिकाले उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाबाट आधारभूत स्वास्थ्य सेवाका अतिरिक्त तोकिए बमोजिमका अन्य सेवाको सुनिश्चितता गर्ने छ ।

(५) हरेक सरकारी अस्पतालहरूले अनिवार्य रूपमा आफ्नै फार्मेसी सञ्चालन गरी अत्यावश्यक निःशुल्क औषधिहरूको नियमित उपलब्धता सुनिश्चित गर्नुका साथै अन्य आवश्यक औषधिहरू सुपथ मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।

(६) औषधी सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

## ७. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन :

(१) गाउँपालिकाको स्वामित्व रहेका स्वास्थ्य संस्थाको व्यवस्थापनको लागि देहाय बमोजिमको एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति हुनेछ ।

(क) गाउँपालिकाको अध्यक्ष –संरक्षक

(ख) स्वास्थ्य संस्था रहेको सम्बन्धित वडाको अध्यक्ष -अध्यक्ष

(ग) निर्बाचित महिला सदस्यहरुबाट समितिले मनोनित गरेको एक जना –उपाध्यक्ष

(घ) स्वास्थ्य संस्था रहेको क्षेत्रको बिद्यालयका प्रमुख/प्राचार्य मध्येबाट एक जना –सदस्य

(ङ) स्थानीय ब्यापार संघका प्रतिनिधि मध्येबाट एक जना –सदस्य

(च) महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट समितिले मनोनित गरेको एक जना –सदस्य

(छ) दलित तथा पिछडिएको बर्गबाट एक जना समितिले मनोनित गरेको –सदस्य

(ज) वडा स्तरिय बाल सञ्जालको सिफारिसमा एक जना –सदस्य

(झ) वडा कार्यलयको अधिकृत एवं कर्मचारी मध्येबाट एक जना –सदस्य

(ञ) स्वास्थ्य संस्था प्रमुख –सदस्य सचिब

(ट) समितीले आवश्यक भएको संख्यामा आमन्त्रित सदस्य राख्न सक्नेछ ।

(४) व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार र सो सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२. स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिले वडा अध्यक्षको अध्यक्षतामा संघीय सरकारको खोप ऐनले तोके बमोजिम वडास्तरिय खोप समन्वय समिति गठन गर्नेछ ।

३. सघीय सरकारले तोके बमोजिम स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड अनुसार स्वास्थ्य संस्थाको गुणस्तर समिति गठन गर्नेछ ।

## ८. स्वास्थ्य संस्था संचालन अनुमति लिनुपर्ने :

(१) नेपाल सरकारले निर्धारण गरेको मापदण्डका साथै तोकिएको प्रक्रिया पूरा गरेको सुनिश्चित गरी गाउँपालिका क्षेत्रभित्र निजी गैरसरकारी, कार्यपालिकाले देहाय बमोजिमका स्वास्थ्य संस्था संचालनको लागि इजाजतपत्र दिन सक्नेछ ।

(क) आधारभूत अस्पताल ।

(ख) नर्सिङ्ग होम ।

(ग) निदान केन्द्र ।

(घ) क्लिनिक ।

(ङ) औषधि पसल ।

(च) आयुर्वेदिक औषधालय ।

(छ) पुनस्थापना केन्द्र ।

(ज) पोलिक्लिनिक ।

(झ) मेडिकल ल्याब र डायग्नोष्टिक सेवा ।

(ञ) वैकल्पिक तथा प्राकृतिक चिकित्सा ।

(२) इजाजतपत्र प्राप्त नगरी गैरसरकारी वा निजी स्वास्थ्य संस्थाले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि कार्य गर्न पाउनेछैन ।

(३) उपदफा(१) बमोजिमका स्वास्थ्य संस्थाले स्वास्थ्य संस्था सञ्चालनको अनुमति बिना वा नवीकरण गर्न दरखास्त दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइने दरखास्तको ढाँचा र तिर्नङ्ग पर्ने दस्तुर तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता गर्दा शाखाले तोकिएको प्रकृयाका साथै नेपाल सरकारले तोकेको प्रचलित मापदण्ड समेत पूरा भएको सुनिश्चित गर्नेछ ।

(६) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्था दर्ता तथा अनुमति दिनुपूर्व गाउँपालिकाको स्वास्थ्य संस्था अनुगमन समितिले आवेदन परेको १५ दिनभित्र आवश्यक अनुगमन गरि तोकिएको मापदण्ड पूरा गरे नगरेको विस्तृत अध्ययन गर्नेछ र कार्यपालिकालाई १ महिना भित्रमा सिफारिस गर्नुपर्नेछ ।

(७) उपदफा (१) बमोजिमका स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको वार्षिक प्रतिवेदन शाखा समक्ष पेश गरी प्रत्येक आर्थिक वर्षमा दर्ता नवीकरण वा नवीकरण सिफारिस लिनुपर्नेछ ।

(८) कुनै कारणले स्वास्थ्य संस्था बन्द गर्नुपर्ने वा गाउँपालिकाको क्षेत्रबाट अन्यत्र सार्नुपर्ने भएमा शाखालाई अग्रिम जानकारी गराउनुपर्ने छ ।

(९) यो ऐन जारी हुनुअघि गाउँपालिकाको क्षेत्रभित्र संचालित निजी वा गैरसरकारी स्वास्थ्य संस्थाहरू ऐन जारी भएको मितिले ३ महिनाभित्र कार्यपालिकामा अनुमति लिनु/दर्ता गराउनुपर्नेछ ।

(१०) परम्परागत उपचार सेवा संचालन गर्ने निकाय वा व्यक्तिले तोकिएको मापदण्ड र प्रकृया अनुरूप सेवा संचालन स्वीकृति लिनुपर्नेछ ।

(११) इजाजतपत्र सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ९. दर्ता सिफारिस लिनुपर्ने :

(१) गाउँपालिकाको क्षेत्रभित्र प्रादेशिक वा संघीय तहमा इजाजतपत्र लिई दर्ता भई संचालन हुने निजीस्तरका स्वास्थ्य संस्थाले स्थापना तथा संचालन र नवीकरणको लागि कार्यपालिकाबाट सेवा संचालन पूर्व अनुमति वा दर्ता र नवीकरण सिफारिस लिनुपर्नेछ ।

(२) यसरी अनुमति वा दर्ता सिफारिस लिने निजी स्वास्थ्य संस्थाले मापदण्ड बमोजिम शर्तका अतिरिक्त आफ्नो स्वास्थ्य संस्थामा १०% शैयामा अनिवार्य रूपमा गाउँपालिकाको शिफारिस गरेका असहाय गरिब तथा विपन्न नागरिकको निःशुल्क उपचार गर्नुपर्नेछ ।

# परिच्छेद ४

## स्वास्थ्य संस्थाको अनुगमन र गुणस्तर

**१०. गुणस्तर र पूर्वाधारको मापदण्ड पुरा गर्नुपर्ने :** (१) गाउँपालिकाले क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाको लागि नेपाल सरकारले बनाएको मापदण्ड बमोजिम सेवा गुणस्तर मापदण्ड र पूर्वाधार मापदण्ड निर्देशिका बनाई लागू गर्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाले तोकिएको मापदण्ड अनुरूपको सेवा गुणस्तर पूरा गरेको हुनुपर्नेछ ।

## ११. अनुगमन गर्ने :

(१) कार्यपालिकाको अनुगमन समितिले दफा ८ बमोजिम संचलान अनुमति लिई गाउँपालिका क्षेत्रभित्र संचलानमा रहेका प्रत्येक स्वास्थ्य संस्थाको अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्नेछ ।

(२) गुणस्तरीयता कायम गरे नगरेको सम्बन्धमा आवश्यक ठानेमा अनुगमन समिति बनाई जुनसुकै जुन सुकै बेला पनि नियमन, निरीक्षण र अनुगमन गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुगमन निरीक्षण गर्दा गाउँपालिकाको प्रतिनिधिका

साथै तोकिएको योग्यता भएको विज्ञ सम्मिलित अनुगमन समितिमार्फत गर्नेछ। विज्ञ उपलब्ध गराउन सम्बन्धित विषयका प्रादेशिक तथा संघीय तहका नियामक निकाय तथा अन्य विशेषज्ञ संस्थासंग सहकार्य गर्न सक्नेछ।

(४) अनुगमनका क्रममा पूर्वाधार वा गुणस्तरको मापदण्ड पालना नगरेको पाईएमा अनुगमन समितिले वस्तुस्थितिको मुचुल्का बनाई आवश्यकता अनुसार सम्बन्धित स्वास्थ्य संस्थामा सिलबन्दी गर्न सक्नेछ र कारबाहीका लागि सिफारिस गर्नेछ।

(५) उपदफा (४) बमोजिम अनुगमन समितिले गरेको कारवाही सिफारिसमा आफ्नो रायसमेत उल्लेख गरी अन्तिम निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ।

(६) निरीक्षण, अनुसन्धान तथा अनुगमनबाट प्राप्त नतिजाका आधारमा संस्था स्थापना र संचालनको स्वीकृति दिने निकायले आवश्यक निर्देशन दिन सक्नेछ र सो संस्थाले मापदण्डहरूको पालना नगरेका कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा संस्था बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(७) शाखाले गाउँपालिका भित्र स्वास्थ्य क्षेत्रको अवस्था प्रगति विवरण र स्वास्थ्य संस्थाको अनुगमन प्रतिवेदन समेत सम्मिलित वार्षिक प्रतिवेदन तयार गर्ने यस्तो प्रतिवेदन प्रत्येक आर्थिक वर्ष अन्त्य भएको ६ महिनाभित्र गाउँ कार्यपालिकाले गाउँ सभामा पेश गरी छलफल गर्नेछ।

## १२. सेवा शुल्क निर्धारण र पुनरावलोकन :

(१) कार्यपालिकाले संघीय सरकार, प्रदेश सरकारले तोकेको मापदण्ड अनुसार गाउँपालिका भित्रको स्वास्थ्य सेवाको अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सो को कार्यन्वयन भए नभएको नियमित अनुगमन गर्नेछ।

(२) कुनै पनि स्वास्थ्य संस्थाले उपदफा (१) को प्रतिकूल नहुनेगरि आफ्ना सेवाको शुल्क परिवर्तन गर्दा परिवर्तन गर्नपर्ने आधार प्रष्ट खुलाई कार्यपालिकालाई पूर्व जानकारी गराउनेछ। यसरी निर्धारित शुल्कको सूची सबै सेवाग्राहीले देख्ने स्थानमा राख्नेछ।

## परिच्छेद ५

## सरसफाई, स्वास्थ्य जन्य फोहोर व्यवस्थापन तथा स्वस्थ वातावरण

### १३. सरसफाई तथा प्रदुषण रोकधाम

(१). कुनै पनि व्यक्ति वा निकायले कुनै पनि प्रकारको फोहोर कार्यपालिकाले तोकेको स्थान बाहेक अन्यत्र फ्याँक्ने पाइने छैन । यसका लागि कार्यपालिकाले उपयुक्त प्रकृया र विधि निर्धारण गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रभित्र जल, जमिन, वायु र ध्वनि प्रदुषणको रोकथाम गर्नँ गाउँपालिका क्षेत्रका सबै वासिन्दा तथा संस्था र निकायको जिम्मेवारी हुनेछ ।

(३) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने जल, जमिन, वायु र ध्वनि प्रदुषण रोकथामको लागि संघीय मापदण्ड अनुसारको स्थानीय मापदण्ड तथा निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने किसिमले जल, जमिन, वायु र ध्वनि प्रदुषण गरेको पाइएमा कार्यपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

(५) कार्यपालिकाले सामुदायिक सरसफाई सम्बन्धी निर्देशिका बनाई लागू गर्नेछ ।

(६) फोहोरमैला व्यवस्थापनले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ ।

(७) जाँच परिक्षणमा कुनै निकायमा फोहोरमैला व्यवस्थापन प्रभावकारी हुन नसकी मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त निकायलाई समयमै सचेत गराई आवश्यक कारवाहीका लागि सिफारिस गर्नेछ ।

## १४. स्वास्थ्यजन्य फोहोर व्यवस्थापन :

(१) स्वास्थ्य सम्बन्धि फोहोरमैलाको छुट्टाछुट्टै संकलन पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमनको लागि कार्यपालिकाले निर्देशिका बनाई लागू गर्नेछ ।

(२) कार्यपालिकाले स्वास्थ्य क्षेत्रवाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैसरकारी क्षेत्रसंग समेत सहकार्य र साझेदारी गर्न सक्नेछ ।

## परिच्छेद ६

## जनस्वास्थ्य निरीक्षणर प्रवर्द्धन

## १५. जनस्वास्थ्य निरीक्षण :

(१) कार्यपालिकाले जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गतिविधि र वस्तुबाट आम जनतालाई सुरक्षित गर्नको लागि त्यस्ता गतिविधि र वस्तुको अनुगमन, नियमन र नियन्त्रण गर्नेछ ।

(२) खाद्य, वातावरण, पानी लगायत जनस्वास्थ्यका अन्य पक्षहरूको गुणस्तर अनुगमन तथा निरीक्षण गर्न कार्यपालिकाले संघ तथा प्रदेशसंगको समन्वयमा आवश्यक मात्रामा जनस्वास्थ निरीक्षकहरू परिचालन गर्न सक्नेछ ।

(३) जनस्वास्थ्य निरीक्षणको क्रममा कुनै व्यक्ति वा संस्थाले यस ऐनको परिच्छेद ५ वा परिच्छेद ६ को उल्लङ्घन गरी जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने गतिविधि गरेको पाइएमा जनस्वास्थ्य निरीक्षकले वस्तु स्थितिको मुचुल्का बनाई तत्कालको लागि सेवा बन्द गराई कारवाहीका लागि सिफारिस गर्नेछ ।

## १६. खाद्य तथा पानीको गुणस्तर

(१) कार्यपालिकाले प्रचलित संघीय र प्रादेशिक सरकारको मापदण्डको आधारमा गाउँपालिका क्षेत्रभित्र विक्री तथा वितरण हुने खानेपानी तथा खाद्य सामग्रीको गुणस्तर मापदण्डका साथै त्यसका विक्रेता वा आपूर्तिकर्ताको मापदण्ड बनाई लागू गर्नेछ ।

(२) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहबाट स्थापित खानेपानी तथा खाद्य सामग्री गुणस्तर मापदण्डको आधारमा स्थानीय मापदण्ड बनाई खानेपानी तथा खाद्य सामग्रीका विक्रेता तथा आपूर्तिकर्तालाई संचालन अनुमति दिनेछ ।

(३) कार्यपालिकाले नियमित रूपमा मापदण्ड पालना भए नभएको सन्दर्भमा जनस्वास्थ्य निरीक्षक खटाई अनुगमन तथा निरीक्षण गर्नेछ ।

(४) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र अस्वस्थकर खाद्य पदार्थको उपभोग निरूत्साहित पार्न तथा सन्तुलित आहार सम्बन्धि चेतनामुलक कार्यक्रम संचालन गर्नेछ ।

(५) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र खानेपानीको गुणस्तर सुनिश्चित गर्न खानेपानीका स्रोतको उचित संरक्षणगर्नेछ ।

(६) कार्यपालिकाले खाद्य सामग्रीको उत्पादन तथा वितरणमा किटनाशक औषधि वा मानव स्वास्थ्यको प्रतिकूल हुने रसायनको प्रयोगको अनुगमन तथा नियन्त्रण गर्नेछ ।

(७) खाद्यान्न, मासु र पानी लगायतका उपभोग्य वस्तु उत्पादन भण्डारण तथा बिक्री वितरणका क्रममा तोकिए बमोजिमको न्यूनतम मापदण्ड अनिवार्य पालना गर्नुपर्नेछ । यसरी तोकिएका मापदण्डहरू गल्ली, ठेला वा अन्य स्थान तथा साधनहरू प्रयोग गरी बिक्री वितरण गर्ने निकायहरूलाई समेत लागु हुनेछ ।

(८) माथि उल्लेखित संस्थाहरूले वितरण गर्ने खाद्य पदार्थले मानव स्वास्थ्यमा पारेको वा पार्ने प्रभावको जाँच परिक्षण र अनुसन्धान गर्ने अधिकार सम्बन्धित जनस्वास्थ्य अधिकारीसँग हुनेछ । यसरी जाँच परिक्षण गर्दा निरीक्षकले संघीय सरकारले तोकेको मापदण्डलाई समेत आधार बनाउनुपर्नेछ ।

(९) जाँच परिक्षणमा कुनै संस्थाले वितरण गरेको खाद्य पदार्थले मानव स्वास्थ्यमा प्रतिकूल प्रभाव पारेको वा कुनै व्यक्ति बिरामी परेको यथेष्ठ प्रमाण भेटिएमा सम्बन्धित जनस्वास्थ्य अधिकारीले उक्त संस्थाको संचालन अनुमति लोकेको समयका लागि कारवाहीका लागि सिफारिश गर्न सक्नेछ ।

## १७. अखाद्य पदार्थ.मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन :

(१) कार्यपालिकाले सुर्ती, मदिरा तथा अखाद्य पदार्थलाई नियमन गर्न नेपाल सरकारले तोकेको मापदण्डलाई आधार मानी सुर्ती मदिरा तथा अखाद्य पदार्थको विक्री तथा वितरणलाई नियमन, नियन्त्रण तथा मर्यादित बनाउन निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

(२) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणका लागि कार्यपालिकाबाट छुट्टै इजाजतपत्र लिनुपर्नेछ ।

(३) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(४) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण र प्रयोगमा नियन्त्रण एवं न्यूनिकरण गर्न कार्यपालिकाले निशेधित र विक्रि वितरणका लागि खुला क्षेत्र तोक्न सक्नेछ ।

(५) गाउँपालिका भित्र मदिरा, चुरोट, सुर्ती लगायत मानव स्वास्थ्यलाई गम्भीर असर गर्ने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

(६) १८ वर्ष मुनिका बालबालिकालाई सुर्तीजन्य वा मदिराजन्य पदार्थ विक्री वितरण गर्न पाइने छैन ।

(७) विद्यालय लगायतका स्थानमा जंक फुडको बिक्री वितरण प्रचार र उपभोग निषेधित गरिनेछ । निषेधित क्षेत्रमा जंक फुडको विक्री, वितरण, प्रचार गरेको पाइएमा सम्बन्धित विद्यालय तथा त्यस्तो जंक फुडको बिक्री, वितरण वा प्रचार गर्न व्यक्ति वा संस्था वा दुवैलाई तोकिए बमोजिम कारवाही हुनेछ ।

## १८. जनस्वास्थ्य मैत्री भवन निर्माण तथा सडक पूर्वाधार :

(१) गाउँपालिकाभित्र सार्वजनिक भवनहरूनिर्माण गर्दा जनस्वास्थ्य मैत्री हुनुपर्नेछ, यसमा भवन आचार संहिता मापदण्ड पालना खासगरी भूकम्प प्रतिरोधी तथा अपांगतामैत्री हुनुपर्ने ।

(२) संघ, प्रदेश वा गाउँपालिकाले तोकेका जोखिमपुर्ण क्षेत्रहरूका आवास निर्माण गर्न पाइने छैन । यदि निर्धारित क्षेत्रमा पहिले देखिनै आधिकारिक बसाइ

रहेको भएमा कार्यपालिकाले प्रचलित संघीय कानून अनुसार वैकल्पिक स्थानसहित उपयुक्त क्षतिपूर्तिको व्यवस्था गर्नेछ ।

(३) सड़क पूर्वाधार निर्माण गर्दा सड़क दुर्घटना कम हुने गरी र स्वास्थ्य प्रवर्द्धनलाई ध्यानमा राखेर निर्माण गर्नु पर्नेछ । नयाँ बन्ने सडक र पुराना सडकहरूको स्तरोन्नति गर्दा आवश्यकता अनुसार फुटपाथ र साइकल लेनको उचित प्रबन्ध मिलाउनु पर्ने ।

(४) गाउँपालिका कुनै पनि भौतिक निर्माण गर्दा वा निर्माण अनुमति दिनुअघि त्यस्तो निर्माणको क्रममा जनस्वास्थ्यमा पर्नसक्ने प्रभावको मूल्यांकन गर्न सक्नेछ । यस्तो मूल्याङ्कनबाट जनस्वास्थ्यमा .प्रतिकूल प्रभाव पर्नसक्ने देखिएमा त्यस्तो प्रभाव न्यूनिकरण गर्ने विधिबाट निर्माण गरिनेछ ।

**१९. जनस्वास्थ्य मैत्री वस्ती विकास तथा शहरीकरण :**

(१) जनस्वास्थ्य मैत्री वस्तीविकास तथा शहरीकरण पवर्द्धन गर्नं गाउँपालिकाको दायित्व हुनेछ। जसमा आवश्यकता र सान्दर्भिकता अनुसार स्वास्थ्यका दृष्टिकोणले पर्यान्त खेल, मनोरञ्जन स्थल, पैदल हिड्ने व्यवस्था, साइकल चलाउन मिल्ने व्यवस्था आदि समेत पर्नेछ। गाउँपालिकाले शहरीकरणका आवश्यक मापदण्डहरूमा उपरोक्त पक्षहरूलाई समावेश र प्रवर्द्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्र भित्र सार्वजनिक खुल्ला स्थान तथा सार्वजनिक पार्कको निर्माण र संरक्षण गर्नेछ ।

## परिच्छेद-७

## स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन

**२०. स्वास्थ्य पुर्वाधार र मापदण्ड :**

(१) कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका स्वास्थ्य संस्थामा उपलब्ध स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको संरक्षण र सम्बर्धन गर्नेछ ।

(२) पूर्वाधार मापदण्डको आधारमा स्वास्थ्य संस्थाका पूर्वाधारको निर्माण तथा मर्मत सम्भार गर्नेछ ।

(३) स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधारको मर्मत सम्भारको लागि कार्यपालिकाले कूल निर्माण पूँजीको निश्चित प्रतिशत मर्मत सम्भारको लागि वार्षिक रुपमा बजेट छुट्टाउने छ ।

(४) कार्यपालिकाले गाउँपालिकाले स्वामित्व रहेका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य संस्थाको वर्गीकरण तथा पूर्वाधार मापदण्ड अनुसार न्यूनतम औजार उपलब्धता सुनिश्चित गर्नेछ ।

## २१. जनशक्तिको व्यवस्थापन :

(१) गाउँपालिका भित्रका स्वास्थ्य संस्थामार्फत आधारभूत स्वास्थ्यसेवा प्रवाहको लागि देहाय बमोजिमको जनशक्ति रहनेछ ।

(क) स्थायी (नेपाल सरकारको स्वास्थ्य सेवावाट समायोजन भइ आएका स्वास्थ्य जनशक्ति र प्रदेश लोकसेवा आयोगबाट पदपूर्ति हुने स्थायी जनशक्ति)

(ख) करार (करार सेवामा भर्ना गरिएका जनशक्ति)

(ग) स्थानीय स्वास्थ्य कार्यकर्ता/सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका

(२) संघीय, प्रादेशि सरकारबाट ओ.एन.एम.सर्वेबाट तय भएको जनशक्ति तथा कार्यपालिकाले स्वीकृत संरचना अनुरूपको आवश्यक जनशक्ति कर्मचारी छनौट प्रकृयाबाट पदपूर्ति गर्नेछ ।

(३) कार्यपालिकाले जनशक्तिको क्षमता अभिवृद्धिको लागि प्रादेशिक वा संघीय तहका सम्बन्धित निकाय वा अन्य संस्थाको सहयोगमा आवश्यकता अनुसार तालिम तथा शिक्षण गराउनेछ ।

(४) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्यकर्मीहरूको लागि कार्यमैत्री, महिलामैत्री, अपाङ्गमैत्री वातावरण तथा पेशागत सुरक्षाको व्यवस्था हुनेछ ।

(५) स्थानीय स्तरमा कर्मचारीहरु व्यवस्थापनका लागी संघीय तथा प्रदेश कानुन सगँ नबाझिने गरी कार्यपालिकाबाट स्पस्ट कार्यविधि तयार गरिनेछ ।

(६) जनशक्ति व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था प्रचलित कानुन र तोकिए बमोजिम हुनेछ ।

## २२. कार्यसम्पादन करार गर्नुपर्ने :

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्यपालिकाले कर्मचारीहरूसंग छुट्टाछुट्टै कार्यसम्पादन करार सम्झौता गर्न सक्नेछ ।

## परिच्छेद ८

## विपद व्यवस्थापन र जनस्वास्थ्य निगरानी

## २३. विपद व्यवस्थापन संयन्त्र :

(१) कार्यपालिकाले सम्भावित महामारी लगायतका जनस्वास्थ्य विपदहरूको पूर्वतयारी, जाँच पडताल, व्यवस्थापन र जोखिम न्यूनिकरणको लागि उपयुक्त संयन्त्र सहितको प्रबन्ध गर्नेछ ।

(२) सम्भावित महामारीको जोखिम पहिचान गरी तिनको रोकथामको लागि अन्य संस्था तथा निकायसंगको सहकार्यमा योजना बनाई कार्यान्वयन गर्नेछ ।

(३) गाउँपालिकाले महामारी र विपदबाट थप क्षति हुन नदिन स्थानीय संयन्त्र परिचालन गर्न र थप सहयोगको लागि अन्य स्थानीय सरकार प्रदेश र संघीय सरकारसंग अनुरोध गर्न सक्नेछ ।

## २४. जनस्वास्थ्य आपतकाल :

(१) महामारी वा जनस्वास्थ्यमा अन्य कुनै गम्भीर खतरा देखिएमा गाउँपालिकाको प्रमुखले प्रदेश तथा संघीय सरकारसंग समन्वय गरि स्थानीय जनस्वास्थ्य अधिकारीको सिफारिशमा आफ्नो क्षेत्रभित्रजनस्वास्थ्य आपतकाल घोषणा गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम आपतकालीन स्वास्थ्य अवस्था घोषणा गर्दा विस्तृत प्राविधिक जानकारी, कति समयका लागि हो सो र कुन कुन क्षेत्रमा सो लागू हुने हो सो समेत स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(३) आपतकालीन स्वास्थ्य अवस्था घोषणासम्बन्धि जानकारी सम्बन्धित सबैका आगि सार्वजनिक माध्यमबाट प्रचार प्रसार गर्नुपर्नेछ ।

(४) आपतकालीन स्वास्थ्य अवस्थाको समयावधि क्षेत्र लगायत तथा अन्य पक्षहरूमा उपलब्ध तथ्यांक तथा सूचनाका आधारमा थपघट वा हटाउन समेत सकिनेछ ।

(५) जनस्वास्थ्य आपतकालको क्रममा रोगको रोकथाम र जनस्वास्थ्यमा परेको खतरा नियन्त्रणका लागि जनस्वास्थ्य अधिकारीको सिफारिशमा प्रमुखले जारी गरेका जनस्वास्थ्य सम्बन्धि आदेशहरूको पालना गर्नङ्ग सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ९

## औषधि तथा स्वास्थ्य उपकरणको खरिद तथा भण्डारण, वितरण, नियमन

### २५. औषधि खरिद भण्डारण र वितरण सम्बन्धि व्यवस्था :

(१) गाउँपालिकामा निःशुल्क वितरण गर्ने वा फार्मेसी मार्फत् विक्री गर्ने औषधिको सूची निर्धारण गरी औषधि तथा स्वास्थ्यजन्य उपकरणको खरिद, भण्डारण र वितरणको लागि वार्षिक खरिद योजना बनाउनेछ ।

(२) उपदफा (१) वमोजिमको औषधि खरिद गर्दा सार्वजनिक खरिद ऐन र औषधी सम्बन्धी प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

(३) गाउँपालिका मातहतका स्वास्थ्य संस्थामा औषधि खरिद, आपूर्ति भण्डारण तथा विक्री गरिने औषधिको हकमा मूल्य निर्धारणको लागि निर्देशिका बनाई कार्यान्वयन गर्नेछ ।

### २६. निःशुल्क औषधि :

(१) गाउँपालिकाको स्वास्थ्य शाखाले दफा ३ र दफा ४ बमोजिम निःशुल्क औषधि आफू मातहतका स्वास्थ्य संस्था मार्फत वितरण गर्नेछ ।

### २७. नियमन :

(१) कार्यपालिकाले संघीय तथा प्रादेशिक तहका प्रचलित कानूनका समेतलाई आधार मानी गाउँपालिका क्षेत्रभित्र औषधिको विक्री वितरण तथा प्रयोगको नियमन गर्नेछ ।

# परिच्छेद-१०

## साझेदारी र सहकार्य गर्न सक्ने

**२८. साझेदारी र सहकार्य गर्न सक्ने :**

(१) कार्यपालिकाले आधारभूत तथा अन्य स्वास्थ्य सेवा प्रवाह गर्न तथा यस ऐनको कार्यान्वयन गर्न प्रचलित कानुनको अधीनमा रही आवश्यकता अनुसार स्थानीय प्रादेशिक तथा संघीय तहमा कार्यरत निजी सरकारी तथा गैरसरकारी संस्था तथा निकायसँग सहकार्य गर्न सक्नेछ ।

(२) सेवा प्रवाहको सुलभता वा खर्च न्यूनिकरणको लागि कार्यपालिकाले अन्य स्थानीय सरकारसंग सहकार्य गरी आफ्नै क्षेत्रभित्र वा नजिकको पायक पर्ने स्थानीय तहमा संचालित स्वास्थ्य संस्थामार्फत सेवा प्रवाह गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिमको सहकार्य गर्न कार्यपालिकाले अन्य गाउँपालिकासंग लक्षित जनसंख्याको अनुपातको आधारमा वा सेवाग्राही संख्याको अनुपातको आधारमा खर्च बांडफांड गर्ने गरी संयुक्त सेवा सम्झौता गर्न सक्नेछ ।

**२९. सेवा खरिद सम्झौता गर्न सक्ने :** गाउँपालिका क्षेत्रका वासिन्दालाई स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्र संचालित वा गाउँपालिका आसपासमा पायक पर्ने स्थानमा संचालित निजी गैरसरकारी सामुदायिक, सरकारी वा सहकारी संस्थाले संचालन गरेका स्वास्थ्य संस्थासँग से वा खरिद सम्झौता गर्न सक्नेछ ।

**३०. विद्यालय स्वास्थ्य सेवा :**

(१) गाउँपालिकाले शैक्षिक निकाय तथा विद्यालयहरूसँग सहकार्य गरी विद्यालय स्वास्थ्य सेवा प्रदान गर्न विद्यालय नर्सको व्यवस्था गर्न सक्नेछ ।

(२) विद्यालय स्वास्थ्यसेवा र विद्यालय नर्स सम्बन्धी व्यवस्थाको प्रकृति र मापदण्डहरू कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**३१. स्वास्थ्य शिविर सम्बन्धि व्यवस्था :**

(१) कुनै पनि गैरसरकारी संघ संस्था वा निकायबाट स्वास्थ्य सम्बन्धि शिविर वा सेवाहरू सञ्चालन गर्न गाउँपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) स्वास्थ्य शिविर तथा घुम्ती स्वास्थ्य सेवाहरू प्रदान गर्दा पूरा गर्नुपर्ने प्रकृया र मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ११

## स्वास्थ्य सूचना प्रणाली र स्वास्थ्य प्रविधि तथ्यांक र अभिलेख

### ३२. तथ्याक संकलन र अभिलेखिकरण :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रमा घरपरिवार तहसम्मको स्वास्थ्य सम्बन्धी तथ्यांक र अभिलेख संकलन गरी नियमित रूपमा अद्यावधिक गर्ने पद्धति विकास गर्नेछ ।

(२) गाउँपालिका सवै स्वास्थ्य संस्थाले तोकिएको व्यहोराको रोग, बिरामी तथा सेवा सम्वन्धी तथ्यांक र अभिलेख स्वास्थ्य सूचना प्रणालीमा नियमित रूपमा अद्यावधिक गराउनुपर्ने छ ।

(३) प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो स्वास्थ्य संस्थामा जन्मेको शिशुको अभिलेख अनिवार्य रूपमा राख्नुपर्नेछ ।

(४) गाउँपालिका वा इजाजतपत्र स्वास्थ्य संस्था वा अनुमति प्राप्त स्वास्थ्यकर्मीले संकलन गरेको स्वास्थ्यसँग सम्बन्धित व्यक्तिगत सूचना कागजात तथा अभिलेखको गोपनियताको सुनिश्चित गर्नु सम्बन्धित स्वास्थ्य संस्था तथा गाउँपालिकाको दायित्व हुनेछ ।

(५) गाउँपालिका तथा वडा तहका स्वास्थ्य सम्बन्धी सूचाकंहरू नियमित रूपले अद्यावधिक गरी सार्वजनिक गर्नेछ ।

(६) कार्यपालिकाले स्वास्थ्य सम्बन्धी सूचना प्रादेशिक तह तथा संघीय तहका स्वास्थ्य हेर्ने निकायमा आवश्यकता अनुसार उपलब्ध गराउनेछ ।

(७) शाखाले आवधिक रूपमा गाउँपालिकामा स्वास्थ्य सर्वेक्षण गर्नेछ ।

(८) गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सेवाकाको अभिलेख तथा प्रतिबेदनहरुलाई डिजिटाईजेशन तथा आधुनिकिकरण गरिनेछ ।

**३३. जानकारी पाउने हक** : बिरामीलाई आफ्नो उपचार सम्बन्धी सम्पूर्ण जानकारी पाउने हक हुनेछ । सो जानकारी उपलब्ध गराउनु स्वास्थ्य संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद १२

## आकस्मिक स्वास्थ्य सेवा

**३४. आकस्मिक सेवाबाट बन्देज नगरिने :**

(१) गाउँपालिका क्षेत्रमा संचालित कुनै पनि स्वास्थ्य संस्थामा कुनै पनि बिरामी व्यक्तिलाई आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्न बन्देज गरिने छैन ।

(२) स्वास्थ्य सेवा प्रदायक वा स्वास्थ्यकर्मीले आवश्यकता अनुसार कुनै पनि व्यक्तिलाई जीवन रक्षा गरी स्थिर अवस्थामा ल्याउनेसम्म आकस्मिक उपचार गर्नु प्रत्येक स्वास्थ्य संस्था एंव स्वास्थ्यकर्मीको कर्तव्य र दायित्व हुनेछ ।

(३) स्वास्थ्य संस्थाले आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित गर्नको लागि बिरामीको अवस्थाको गम्भीरताको आधारमा वर्गीकरण गरी प्राथमिकता तोकी उपचार गर्न सक्नेछ ।

(४) उपदफा (१) को आकस्मिक उपचार खर्च व्यवस्थापन गर्नको लागि गाउँपालिकाले छुट्टै आकस्मिक उपचार कोषको व्यवस्था गर्नेछ ।

**३५. एम्बुलेन्स सेवा :**

(१) गाउँपालिकाले आफ्नै स्रोतबाट वा अन्य संस्थासंगको सहकार्यमा एम्बुलेन्स सेवा संचालन गर्न सक्नेछ ।

(२) स्वास्थ्य शाखाले गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप भए नभएको अनुगमन तथा नियमन गर्नेछ ।

(३) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू संचालकहरुले शाखामा दर्ता तथा वार्षिक नवीकरण गराउनु पर्नेछ ।

(४) गाउँपालिकाले अन्य स्थानीय सरकारसंगको सहकार्यमा एम्बुलेन्स संजाल निर्माण गर्न सक्नेछ ।

(५) उपदफा ३ बमोजिम दर्ता तथा नवीकरण नभएका एम्बुलेन्स कार्यपालिकाले नियन्त्रणमा लिन सक्नेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र आधारित भई संचालन हुने एम्बुलेन्सहरू संचालकहरुले बार्षिक रुपमा आयव्यायको लेखापरिक्षण प्रतिबेदन पेश गर्नुपर्नेछ ।

(७) गाउँपालिकामा एम्बुलेन्स सञ्चाला तथा ब्यवस्थापनका लागि आवश्यक मापदण्ड कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद १३

## प्रेषण तथा उपचार प्रणाली

### ३६. प्रेषण तथा उपचार प्रणाली :

(१) स्वास्थ्य सेवा प्राप्त गर्नको लागि सेवाग्राही आफ्नो अनुकूल पायक पर्ने स्वास्थ्य संस्थामा उपस्थित हुन सक्नेछ ।

(२)उपदफा (१) बमोजिम उपचारको लागि आएको बिरामीलाई उपचार प्रदान गर्न नसकिने अवस्था भएमा त्यस्तो स्वास्थ्य संस्थाले तुरून्त त्यस्तो बिरामीलाई उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गर्नु पर्नेछ ।

(३) कार्यपालिकाले संघीय तथा प्रादेशिक कानुन नियम तथा मापदण्डको समेत ध्यानमा राखी विभिन्न स्वास्थ्य संस्थामा हुने उपचार प्रणालीलाई संयोजन गर्न प्रेषण प्रणाली लागू गर्नेछ ।

## परिच्छेद १४

## दण्ड र जरिवाना

### ३७. कसूर गरेको मानिने :

(१) कसैले देहाय बमोजिमका कार्य गरेमा यो ऐनअन्तर्गतको कसूर गरेको मानिनेछ।

(क) दफा ८ बमोजिम इजाजतपत्र नलिई स्वास्थ्य संस्था सञ्चालन गरेमा ।

(ख) तोकिए बमोजिको समयमा स्वास्थ्य उपचार सेवा प्रदान गर्न इन्कार गरेमा ।

(ग) तोकिएको समयमा स्वस्थ्य संस्थाले आधारभूत स्वास्थ्य सेवा तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने आकस्मिक उपचार नगरेमा ।

(घ) दफा ४९ (२) बमोजिम सेवाग्राहीलाई समान व्यवहार नगरेमा ।

(ङ) दफा ३२(४) बमोजिम गोपनीयता कायम नगरेमा ।

(च) स्वास्थ्यकर्मी वा सेवा प्रदायकलाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाह गर्न बाधा व्यवधान उत्पन्न गरेमा ।

(छ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई यो ऐन बमोजिम सूचना वा जानकारी गराउनु पर्ने व्यक्तिले त्यस्तो सूचना वा जानकारी उपलब्ध नगराएमा ।

(ज) स्वास्थ्यकर्मी वा सेवाप्रदायकलाई जानीजानी गलत सूचना उपलब्ध गराएमा,

(झ) स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थालाई झुक्याउन अर्को व्यक्ति भएको बहाना गरेमा

(ञ) मापदण्ड निर्देशिका तथा कार्यविधि ।

(ट) दफा १६ बमोजिम खाद्य पदार्थ तथा पानीको गुणस्तरका कारण जनस्वास्थ्यमा प्रतिकूल प्रभाव पारेमा ।

(ठ) दफा १७ विपरीत कसैले विज्ञापन गरेको पाइएमा ।

(ड) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम मापदण्ड बमोजिम तथा कार्यबिधि बिपरित अन्य कुनै कार्य गरेमा ।

(२) उप दफा १ को खण्ड (क) बमोजिमको कसुर गरेमा संघीय जनस्वास्थ्य ऐन, २०७५ बमोजिम हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ख), (ग), (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट) र (ड) बमोजिमको कसूर गरेमा पच्चीस हजारदेखि पचास हजारसम्म जरिवाना हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ठ) बमोजिमको कसूर गरेमा विज्ञापन प्रशारण गर्नेलाई दश हजार रूपैयाँ जरिवाना ।

(५) दण्ड सजाय र जरिवाना सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**३८. मुद्दा हेर्ने अधिकारी** : यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दाको शुरू कारवाही र किनारा गर्ने अधिकार गाउँपालिका उपप्रमुखलाई हुनेछ ।

**३९. पुनरावेदन :** यस ऐन अन्तर्गत सजाय हुने कसुर सम्बन्धी मुद्दामा गाउँपालिका उपप्रमुखले गरेको निर्णय उपर ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

## परिच्छेद १५

## स्थानीय जनस्वास्थ्य बोर्ड तथा अनुगमन समिति

**४०. स्थानीय जनस्वास्थ्य बोड तथा अनुगमन समितिको गठन :**

(१) गाउँपालिकाले जनस्वास्थ्यसँग सरोकार निकायका उच्च अधिकारीहरू तथा बिज्ञहरूको संलग्नता हुने गरी निम्न बमोजिमको स्थानीय जनस्वास्थ्य बोर्ड तथा अनुगमन समिति स्थापना गर्नेछ ।

(क) गाउँपालिका प्रमुख -अध्यक्ष

(ख) गाउँपालिका उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) वडा अध्यक्षहरु -सदस्य

(ङ) कार्यपालिकाहरु -सदस्य

(च) कानुन शाखा प्रमुख वा कानूनी सल्लाहकार -सदस्य

(छ) आधारभुत अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत चिकित्सक स्वास्थ्यकमी मध्ये गाउँपालिका अध्यक्ष/गाउँपालिका प्रमुखले तोकेको २ जना -सदस्य ।

(ज) समितिले मनोनित गर्ने स्वास्थ्य र शिक्षा क्षेत्रका विज्ञ २ जना -सदस्य ।

(झ) स्थानीय स्वास्थ्य शाखा प्रमुख सदस्य -सदस्य सचिव ।

(२) बोर्ड तथा अनुगमन समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) बोर्डले देहायका कार्य गर्नेछ ।

(१) स्थानीय स्तरमा स्वास्थ्य सुरक्षा र सुधार सम्वन्धी नीति निर्धारण गर्ने ।

(२) स्वास्थ्य सेवाको क्षेत्रमा समानुपातिक वितरणको आधारमा प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्ने ।

(३) राष्ट्रिय स्वास्थ्य योजना र नीति तर्जुमाको अनुसरण गर्ने गराउने ।

(४) जनस्वास्थ्य सम्बन्धि राष्ट्रिय रणनीति ढाँचा वा नियमनहरूलाई स्थानीय स्तरमा लागु गर्न सम्बन्धित क्षेत्र वा निकायलाई आवश्यक निर्देशन तथा अनुगमन गर्ने ।

(५) रोगहरूको रोकथाम, प्रवर्द्धनात्मक कार्य लगायत जनस्वास्थ्यको सुधार सम्बन्धी कुनै पनि विषयमा प्रदेश तथा संघीय सरकार सँग आवश्यक सहयोग तथा परामर्श लिने ।

(६) जनस्वास्थ्य बोर्ड तथा अनुगमन समितिको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**४१. संघीय सरकारको खोप एनले तोके अनुसारको पालिकास्तरिय खोप :** समन्वय समिति गठन गर्दा पालिका स्तरिय बाल सञ्जालको सिफारिसमा एक जना बालिका सहित २ जना सदस्य थप गर्नेछ ।

## परिच्छेद १६

## विविध

४२. **समन्वय गर्ने :** राष्ट्रिय तथा प्रादेशिक अभियानमा स्थानीय सरकारले समन्वय र सहयोग पुर्याउने छ ।

४३. **नियम बनाउन सक्ने :** यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन भए पछि लागू हुनेछ ।

४४. **मापदण्ड निर्देशिका र कार्यविधी बनाउन सक्ने** : यस ऐनको कार्यन्वयनको लागि कार्यपालिकाले आवश्यक मापदण्ड, निर्देशिका र कार्यविधी तयार गर्नेछ ।

४५. **स्वास्थ्य कार्यक्रम संचालन गर्ने** : कार्यपालिकाले लक्ष्य निर्धारण गरी योजना निर्माण, कार्यन्वयन, मुल्याङ्कन तथा समिक्षाको कार्यतालिका बनाई आवश्यकता अनुसार जनस्वास्थ्य सम्बन्धी प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापना सम्बन्धी कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

४६. **पोषण कार्यक्रम संचालन गर्ने :**

(१) कार्यपालिकाले गर्भवति महिला आमा र शिशुको लागि पोषण सुरक्षा कार्यक्रमको संचालन र प्रवद्धन गर्नेछ ।

(२) कार्यपालिकाले योजना बनाई स्तनपान प्रर्बधनका कार्यक्रम संचालन गर्नेछ ।

(३) कार्यपालिकाले योजना बनाई गाउँपालिका क्षेत्रभित्र कुपोषणको पहिचान न्यूनिकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापनका साथै अति कुपोषित बालबालिकाको पुनःस्थापनाको कार्यक्रम संचालन गर्नेछ ।

४७. **सामाजिक सुरक्षा र स्वास्थ्य बिमा :**

(१) गाउँपालिका क्षेत्रका सबै बासिन्दालाई स्वास्थ्य बीमा ऐनले तोके बमोजिम अनिवार्य स्वास्थ्य विमामा आबद्ध गराउनु कार्यपालिकाको दायीत्व हुनेछ ।

(२) कार्यपालिकाले सम्बन्धित निकायसंगको सहकार्यमा सामाजिक सुरक्षा सम्बन्धी

जनचेतनाका कार्यक्रम संचालन गर्न सक्नेछ ।

(३) कार्यपालिकाले आर्थिक रूपले विपन्न तथा तोकिएका अन्य लक्षित समुहको स्वास्थ्य बिमा गराउन र अन्य सामाजिक सुरक्षाका कार्यक्रममा सहभागी गराउन आर्थिक व्यवस्थापनको लागि प्रादेशिक तथा संघीय तहका निकायहरूसंग समन्वय गर्नेछ ।

(४) महिला, बालबालिका, किशोरकिशोरी, दलित, अपाङ्गता भएका व्यक्ति अशक्त, ज्योष्ठ नागरिक र अन्य लक्षित समुहहरूका लागि कार्यविधि बनाई कार्यपालिकाले विशेष सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू संचालन गर्न सक्नेछ ।

(५) कार्यपालिकाले विशेष संरक्षणको आवश्यकता भएका महिला बालबालिका, ज्येष्ठनागरिक, अपाङ्गता भएका अशक्त र अन्य लक्षित समुहहरूका लागि प्रदेश तथा संघको समन्वयमा आवश्यक संरक्षणको व्यवस्था गर्न सक्नेछ ।

**४८. अधिकार प्रयोग गर्न सक्ने :** यस ऐनमा सभाले गर्ने भनि तोकेको बाहेक अन्य अधिकारहरू कार्यपालिकाले प्रयोग गर्न सक्नेछ ।

## ४९. सेवाग्राहीको कर्तव्य

(१) प्रत्येक व्यक्ति नियमितरूपमा आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(२) आफ्नो स्वास्थ्यको सम्बन्धमा सचेत रहने र चिकित्सक तथा स्वास्थ्यकर्मीलाई मर्यादित एवं शिष्ट व्यवहार गर्नङ्ग गाउँपालिका भित्रका प्रत्येक नागरिकको कर्तव्य हुनेछ ।

(३) मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरूलाई कसैले पनि बाँधेर राखे वा खोरमा थुन्ने जस्ता कार्य गर्न पाईने छैन, त्यस्ता व्यक्तिहरूको बारेमा कार्यपालिकालाई सूचना दिने, स्वास्थ्य संस्थामा लैजाने, उपचार गर्ने गराउने, उपचार खर्च दिने र स्वस्थ रहन तथा उपचार गर्ने कार्यमा सहयोग तथा सहजिकरण गर्नु प्रत्येक संरक्षकको दायित्व हुनेछ ।

## ५०. सेवा प्रदायक र स्वास्थ्यकर्मीको दायित्व :

(१) नागरिकलाई शिष्ट र मर्यादित रूपमा स्वास्थ्य सेवा प्रदान गर्नु सेवा प्रदायकको दायित्व हुनेछ ।

(२) यस ऐन बमोजिम स्वास्थ्यकर्मीले उपचार गर्दा सबै सेवाग्राही प्रति समान व्यवहार गर्नु र भेदभाव नगरी सेवा दिन सबै स्वाथ्यकर्मीको कर्तव्य हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विरामीको अवस्थाको आधारमा सेवा प्रदायकले उपचार गर्दा प्राथमिकिकरण गर्नसक्नेछ ।

(४) स्वास्थ्यकर्मीलाई पेशागत सुरक्षा, कार्यमैत्री, महिला मैत्री, अपाङ्गमैत्रीको वातावरणको हक हुनेछ ।

**५१. स्वास्थ्य सेवा अवरुद्ध गर्न नपाईने :** स्वास्थ्य सेवा अत्यावश्यक सेवा भएकोले कुनै पनि स्वास्थ्य संस्थामा नियमित र आकस्मिक सेवा अवरूद्ध गर्न पाईने छैन ।

**५२. गुनासो व्यवस्थापन :** कार्यपालिकाले स्वास्थ्य सेवा सरसफाई र जनस्वास्थ्यसंग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि सिफारिस गर्न स्वास्थ्य शाखा प्रमुखलाई तोक्नेछ ।

**५३. प्रचलित कानून वर्माजिम हुने :** यस ऐनमा लेखिए जति विषय यसै ऐन बमोजिम र यस ऐनमा नतोकिएका विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**५४. क्षतिपुर्ति दिनुपर्ने :** गाउँपालिकाभित्र कुनै व्यक्ति वा संस्थाको गतिविधिले अन्य व्यक्तिको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रतिकूल असर गरेमा निजलाई न्यायिक समितिले क्षतिपूर्ति दिलाउन सक्नेछ ।

**५५. परामर्श लिन सक्ने :** कार्यपालिका, गाउँसभा वा स्वास्थ्य शाखाले यस ऐनको कार्यान्वयनको आगि सम्बन्धित विषयका विज्ञसंग सल्लाह र परामर्श लिन सक्नेछ ।

**५६. अधिकार प्रत्यायोजन गर्ने :** कार्यपालिकाले यस ऐन अन्तर्गत तोकिएका जिम्मेवारी तथा अधिकार शाखामा प्रत्यायोजित गर्न सक्नेछ ।

**आज्ञाले**

**बद्रिनाथ लम्साल**

**प्रमुख प्रशासकीय अधिकृत**